# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०६) पोखरा, पुस २६ गते, २०८० साल (अतिरिक्ताङ्क १९

## भाग ३

गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## बजेट तथा योजना कार्यान्वयन सम्बन्धी अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०८०

**प्रस्तावना:** गण्डकी प्रदेश सरकारका वार्षिक बजेट तथा वार्षिक विकास कार्यक्रम कार्यान्वयनको आवधिक प्रगति प्रतिवेदन प्राप्त गर्ने, समीक्षा गर्ने र कार्यान्वयनका क्रममा देखिएका समस्या समाधान तथा तत्काल सुधार गरी आगामी बजेट तथा कार्यक्रम बनाउन र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यलाई व्यवस्थित तुल्याउन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "बजेट तथा योजना कार्यान्वयन सम्बन्धी अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

**(क)** "कार्यालय" भन्नाले गण्डकी प्रदेश सरकार मातहतका निर्देशनालय वा कार्यालय सम्झनु पर्छ।

**(ख)** "बजेट" भन्नाले गण्डकी प्रदेश सरकारको वार्षिक बजेट सम्झनुपर्छ ।

**(ग)** "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

**(घ)** "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय" भन्नाले गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

**(ङ)** "योजना" भन्नाले गण्डकी प्रदेश सरकारबाट स्वीकृत योजना सम्झनुपर्छ ।

**(च)** "सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

३. **कार्य योजना बनाउनुपर्नेः** (१) प्रत्येक मन्त्रालय वा आयोगले एक आर्थिक वर्षभित्र गर्ने सबै क्रियाकलापको समय तालिका सहितको कार्य योजना प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७७ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(२) यस दफा बमोजिमको स्वीकृत समय तालिका सहितको कार्य योजना मन्त्रालयले आफ्नो वेबसाइट मार्फत् सार्वजनिक गर्नु पर्नेछ।

४. **कार्य प्रगति हासिल गर्नुपर्नेः** प्रत्येक मन्त्रालय वा कार्यालयले स्वीकृत समय तालिका सहितको कार्य योजना बमोजिम प्रत्येक महिनाको लागि निर्धारित लक्ष्यको कम्तीमा पचहत्तर प्रतिशत प्रगति हासिल गरेको हुनु पर्नेछ ।

५. **प्रगति प्रतिवेदन पेश गर्नुपर्नेः** (१) मन्त्रालय, निर्देशनालय वा कार्यालयले स्वीकृत समय तालिका सहितको कार्य योजना बमोजिमको क्रियाकलापको प्रगति प्रतिवेदन प्रत्येक महिनाको पहिलो हप्ताभित्र सम्बन्धित मन्त्रालय तथा निर्देशनालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको प्रगति प्रतिवेदन उपर दफा ६ को उपदफा (१) बमोजिमको समितिले छलफल गरी आवश्यक निर्देशन दिन सक्नेछ।

६. **<u>अनुगमन तथा मूल्याङ्कन समितिः</u>** (१) प्रदेश सरकारबाट बजेट विनियोजन भएका योजनाहरुको कार्यान्वयनमा आइपर्न सक्ने समस्याहरू तत्काल सम्बोधन गर्न, कार्य प्रगति र गुणस्तर अध्ययन गर्न देहाय बमोजिमको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

**(क)** सम्बन्धित क्षेत्रको प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य —संयोजक

**(ख)** सम्बन्धित क्षेत्रको समानुपातिक प्रदेश सभा सदस्य —सदस्य

**(ग)** जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख वा प्रतिनिधि —सदस्य

**(घ)** सम्बन्धित स्थानीय तहको प्रमुख वा उपप्रमुख वा प्रतिनिधि —सदस्य

**(ङ)** योजना सञ्चालन गर्ने कार्यालय वा निकायको प्रमुख —सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन समितिको बैठकमा छलफल गर्न र समस्या भएमा आवश्यक निर्देशन दिन सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले अनुगमन गरेका विषयमा सम्बन्धित मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ र सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनुपर्नेछ ।

(५) योजनाको निरन्तरता वा सो योजनामा बजेट थप गर्नुपर्दा उपदफा (४) बमोजिमको प्रतिवेदन समेतलाई प्राथमिकता दिइनेछ ।

७. **<u>प्रगति प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः</u>** (१) मन्त्रालय, आयोग वा कार्यालयले मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गरी सम्बन्धित निकायको वेबसाइटमा समेत अद्यावधिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

८. **सहजीकरण सम्बन्धी व्यवस्थाः** दफा ६ बमोजिमको समितिले अनुगमन गर्दा सो समितिका पदाधिकारी, विज्ञ तथा कर्मचारीलाई खाना/खाजा तथा सवारी साधनको प्रबन्ध योजना सञ्चालन गर्ने कार्यालय वा निकायले गर्नुपर्नेछ ।

९. **अनुगमन तथा निरीक्षणः** (१) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार बजेट र वार्षिक विकास कार्यक्रम कार्यान्वयनको आधारमा मन्त्रालय, आयोग, मातहतका निर्देशनालय वा कार्यालयको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) सम्बन्धित मन्त्रालयले आवश्यकता अनुसार कार्य प्रगति समेतका आधारमा मातहतका निर्देशनालय तथा कार्यालयको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन गर्दा दफा ६ बमोजिमको समितिले औंल्याएका बुँदाहरु र निर्देशन समेतलाई आधार लिनुपर्नेछ ।

(४) दफा ६ बमोजिमको समितिले अनुगमन गर्दा सो कार्यमा सहयोग गर्नु सम्बन्धित योजना सञ्चालन गर्ने कार्यालय वा निकायको प्रमुखको दायित्व हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउन सक्नेः** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस निर्देशिका कार्यान्वयन गर्दा आई पर्ने बाधा अड्काउ फुकाउन सक्नेछ।

११. **संशोधनः** प्रदेश सरकारले आवश्यकता अनुसार यस निर्देशिकामा संशोधन गर्न सक्नेछ ।

आज्ञाले,
शम्भुराज रेग्मी
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । मूल्य रु. १०।-